**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौ**

**<u>इजलास</u>**

**माननीय अध्यक्ष श्री किशोर सिलवाल**

**राजश्व सदस्य श्री जीवन कुमार घिमिरे**

**लेखा सदस्य श्री डम्बर बहादुर कार्की**

**<u>फैसला</u>**

२०७६/०७७ सालको निर्णय नं. ३३

पुनरावेदन नं.०७४-RB-००८७

**मुद्दाः- <u>मूल्य अभिवृद्धीकर (२०७२/०७३)।</u>**

काठमाडौं जिल्ला का.म.न.पा.वडा नं. ११ स्थित संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि.को अधिकार प्राप्त संचालक पवन कुमार संघाई ......................१ } पुनरावेदक

**<u>विरुद्ध</u>**

आन्तरिक राजस्व कार्यालय, ललितपुर .........................................१ } प्रत्यर्थी

**<u>उपस्थित कानून व्यवसायीहरु</u>**

पुनरावेदकका तर्फबाटः विद्वान अधिवक्ता श्री प्रसन्न कृष्ण दास

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान उपन्यायाधिवक्ता श्री शम्भ कुमार बस्नेत

**<u>शुरु निर्णय गर्ने कार्यालयः श्री आन्तरिक राजस्व कार्यालय, ललितपुर ।</u>**

शुरु निर्णय गर्ने पदाधिकारीः -प्रमुख कर अधिकृत श्री चण्डी प्रसाद घिमिरे ।

शुरु निर्णय मितिः २०७४/०१/२८

यसमा आन्तरिक राजश्व कार्यालय, ललितपुर निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ (१) र आयकर ऐन २०५८ को दफा ११६(१) बमोजिम यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रही दर्ता हुन आएको प्रस्तुत पुनरावेदन पत्रको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ ।

**<u>तथ्य खण्ड</u>**

१. पुनरावेदक करदाता संघाई प्लाष्टिक ईण्डष्ट्रिज प्रा.लि. को कर परिक्षणको सिलसिलामा आ.व. २०७२/०७३ को कारोबारको पूर्ण कर परिक्षण गरी मिति २०७३/१२/२७ मा स्वीकृत कर लेखापरिक्षण प्रतिवेदन अनुसार अन्तः शुल्कमा समेत दर्ता रही विविध

प्लाष्टिकका वस्तुहरुको उत्पादन गर्ने यस करदाताले लागत मूल्य भन्दा घटी मूल्यमा विक्री गरेको आधारमा मू.अ.कर ऐन, २०५८ को दफा २९(२), २०(१)(ख) र मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम २९(१) बमोजिम कर र जरिवाना समेत जम्मा रू. २,५२,१२८।- को प्रारम्भिक कर निर्धारण गर्ने गरी आन्तरिक राजश्व कार्यालय ललितपुरबाट मिति २०७३/१२/२७ मा जारी भएको आदेश।

२. आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०७३/१२/२७ मा जारी भएको सूचना करदाताले मिति २०७३/१२/२८ मा सूचना बुझिलिई लिखित जवाफ मिति २०७४/१/११ मा पेश गरेको।

३. करदाता कम्पनीले उत्पादन गरेका वस्तुहरु **Poly Sheets, Polymilky film** तथा **Poly Piping** को विक्री गर्दा उत्पादन लागत भन्दा पनि घटी मूल्यमा विक्री गरेको कारखाना मूल्य नै निर्धारण नगरी हचुवाको आधारमा मूल्य निर्धारण गरेको देखिएकोले अन्तः शुल्क ऐन, २०५८ को दफा ७(४) बमोजिम अन्तः शुल्क असूद्य उपर गर्ने प्रयोजनका लागि पुनः मूल्य निर्धारण गरी कायम गरिएको थप विक्री रु.९,२३,५४४।६९ मा ५ प्रतिशतले हुने रु.४६,१७७।२३ समेत गरि हुन आउने जम्मा विक्री रकम रु.९,६९,७२१।९२ र मू.अ.कर ऐन, २०५२ को दफा ७ (१) १३ प्रतिशतले हुने रु.१,२६,०६४।०० र सोही ऐनको दफा २९(२) बमोजिम लाग्ने शतप्रतिशत जरिवाना रु.२,५२,१२८।०० को मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजश्व कार्यालय, ललितपुरबाट मिति २०७४/०१/२८ मा भएको निर्णय पर्चा ।

४. आन्तरिक राजश्व कार्यालय, ललितपुरको मिति २०७४/०१/२८ मा जारी गरेको आ.व. २०७२/०७३ को मू.अ.कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी संघाई प्लाष्टिक ईन्डष्ट्रिज प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०३/२८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

५. आन्तरिक राजश्व कार्यालय, ललितपुरको मिति २०७४/०१/२८ मा जारी गरेको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी प्रशासकीय पुनरावलोकनका लागि मिति २०७४/०३/२८ पेश गरिएकोमा सो सम्बन्धमा निर्णय भै नसकेकाले शूरु कार्यालयबाट मिति २०७४/०१/२८ मा जारी गरिएको कर निर्धारण आदेशमा उल्लेख भए अनुसार कर रकम रु.१,२६,०६४।०० मा मु.अ.कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शत प्रतिशत जरिवाना समेत जम्मा रु.२,५२,१२८।०० मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण

आदेश त्रुटिपूर्ण हुदाँ बदर गरी पाउँ भन्ने समेत व्यहोराको जिकीर लिई करदाता कम्पनीको तर्फबाट मिति २०७४/०७/२८ मा पुनरावेदन पत्र दर्ता भएको ।

६. यसमा मुलुकी फौज्दारी कार्यविधी (संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/११/१४ मा भएको आदेश ।

## ठहर खण्ड

७. नियम बमोजिम पेसी सूचिमा चढी निर्णयार्थ आज यस इजलाश समक्ष पेश हुन आएको प्रस्तुत पुनरावेदन पत्र एवं प्राप्त शुरु मिसिल समेत अध्ययन गरियो। पुनरावेदक संघाई प्लाष्टिक इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री प्रसन्न कृष्ण दासले पुनरावेदक कम्पनीले विविध प्रकारका प्लाष्टिक तयारी बस्तुहरु उत्पादन गर्दछ। कम्पनीले आ.व.०७२/०७३ मा रु.२,५७,०५७/४४ के.जी. **Plastic Granates** तथा **3350** के.जी. **Master Batch** गरी जम्मा रु.२६४४०७/४४ के.जी.कच्चा पदार्थको खपत गरी **Poly Sheets, Polymilky Film** र **Poly Piping** जस्ता २५७३०८/६९ के.जी. प्लाष्टिकका तयारी वस्तुहरु उत्पादन गरेको हो। उत्पादित वस्तुमा कम्पनीले आफ्नो नाफा समेत समावेश गरी विक्री वितरण गरेकोलाई कारखाना मूल्य नै कायम नगरी हचुवाको भरमा विक्री वितरण गरेको र उत्पादन लागत भन्दा पनि घटि मूल्यमा विक्री गरेको भनि आयकर ऐन, २०५८ को दफा ७(४) को प्रयोजनार्थ पुनः मूल्य निर्धारण कायम गरी थप विक्रीलाई आयकर ऐनको दफा ७ बमोजिम आयमा समावेश गरेको मिलेको छैन। अन्तराष्ट्रिय बजारमा कायम हुने फरक फरक मूल्यले गर्दा विक्री मूल्य फरक पर्न गएको सम्म हो, संशोधित कर निर्धारण आदेश त्रुटीपुर्ण रहेको हुँदा बदर गरी वास्तविक लागत मूल्यलाई नै कायम गराई पाँउ भनी गर्नुभएको बहस समेत सुनियो।

८. प्रत्यर्थी कार्यलयको तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय काठमाडौको विद्वान उपन्यायाधिवक्ता श्री शम्भु कुमार बस्नेतले पुनरावेदक कम्पनी प्लाष्टिकका सामानहरु उत्पादन गर्ने कम्पनी भएकोमा विवाद छैन। सो कम्पनीले आ.व. ०७२/०७३ मा उत्पादन गरेका प्लाष्टिकका सामानहरुको कारखाना मूल्य समेत खुलाउन नसकेको भन्दा पनि कम मूल्यमा विक्री वितरण गरेको देखिएको हुदाँ पुनः थप विक्री कायम गरी सो थप विक्रीलाई आयमा समावेश गर्ने गरी भएको कर निर्धारण आदेश कानून सम्मत हुँदा सदर गरिनुपर्छ भनि गर्नु भएको बहस समेत सुनियो।

९. पुनरावेदकका तर्फबाट लिईएका पुनरावेदन जिकिरहरु, दुवै तर्फका विद्धानहरुबाट प्रस्तुत बहस बुँदाहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा यसमा शुरु आन्तरिक राजस्व कार्यालय ललितपुरले गरेको निर्धारण आदेश मिलेको छ, छैन? पुनरावेदकको जिकिर पुग्न सक्ने हो, होइन? भनी निर्णय दिनुपर्ने देखिन आयो ।

१०. सो बमोजिम निर्णय तर्फ विचार गर्दा निम्नलिखित पुनरावेदक कम्पनीले आ.व. ०७२/०७३ मा रु.२,५७,०५७/४४ के.जी. Plastic Granates तथा ३३५० के.जी. Master Batch गरी जम्मा रु.२,६४,४०७/४४ के.जी. पदार्थ खपत गरि Polysheets, Polymilky film र Poly Piping जस्ता २,५७,३०८/६९ के.जी. प्लाष्टिकका तयारी वस्तुहरु उत्पादन गरी उत्पादित वस्तुमा कम्पनीले आफ्नो नाफा समेत समावेश गरि विक्री वितरण गर्दा कारखाना मूल्य नै कायम नगरी हचुवाको भरमा विक्री वितरण र उत्पादन लागत भन्दा घटी मूल्यमा विक्री गरेको देखिएकाले अन्तःशूल्क ऐन, २०५८ को दफा ७(४) बमोजिम पुनः मूल्य निर्धारण गरी कायम गरिएको थप विक्रीको ५ प्रतिशतले हुने, मूल्य अभिवृद्धी कर ऐन, २०५२ को दफा २९(२) बमोजिम शतप्रतिशत जरिवाना असूल उपर गर्ने र मूल्य अभिवृद्धीकर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजश्व कार्यालय ललितपुरबाट निर्णय भएको देखिन आयो ।

११. पुनरावेदक कम्पनीले विविध प्लाष्टिकका वस्तुहरु उत्पादन गर्ने क्रममा आ.ब.०७२/०७३ मा २,५७,०५७/४४ के.जी. Plastic Granates तथा ३३५० के.जी. Master Batch गरी जम्मा रु.२,६४,४०७/४४ के.जी.कच्चा पदार्थको खपत गरी Polysheets, Polymilky film र Poly Piping जस्ता २,५७,३०८/६९ के.जी. प्लाष्टिकका तयारी भएका वस्तुहरुमा अन्त शुल्क लगाउने प्रयोजनका लागी उक्त वस्तुहरुको छुट्टाछुट्टै लागत तयार गरी सो लागत मूल्यमा कारखानाको मूल्य नै निर्धारण नगरी हचुवाको आधारमा मूल्य निर्धारण गरी वस्तु विक्री गरेको, यसरी विक्री गरेको वस्तुको मूल्यमा ५ प्रतिशत अन्तः शुल्क लगाई असूल उपर गर्नुपर्ने व्यवस्था अन्तः शूल्क ऐन, २०५८ को दफा ७ मा समेत स्पष्ट उल्लेख भएको देखिन्छ। यसरी अन्तः शुल्क लगाइने स्पष्ट व्यवस्था हुदाँहुदै पनि करदाता कम्पनीले Polysheets, Polymilky film तथा Poly Piping को विक्री गर्दा उत्पादन लागत भन्दा घटी मूल्यमा विक्री गरेको देखिएकोले शुरु कार्यालयले गरेको निर्णयमा उल्लेख भए बमोजिम पुनरावेदकले कम मूल्यमा विक्री वितरण गरेको देखिएकोले थप विक्री कायम गरी सो थप विक्रीलाई मूल्य निर्धारण गर्दै मूल्य अभिवृद्धीकर निर्धारण गर्ने गरि भएको कर निर्धारण आदेश मिलेको देखिदा पुनरावेदक जिकिरसंग सहमत हुन सकिएन।

१२. अतः माथि उल्लिखित आधार र कारणबाट पुनरावेदक करदाताको आ.ब. ०७२/०७३ को मूल्य अभिवृद्धि कर निर्धारणका सम्बन्धमा शुरु आन्तरिक राजश्व कार्यालय, ललितपुरको मिति २०७४।०१।२८ मा भएको निर्णय मिलेकै देखिदां सदर हुने ठहर्छ। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरु तपसिल बमोजिम गर्नु।

<u>तपसील</u>

- प्रस्तुत फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू------------------------------------------१
- फैसलाको नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनू---२
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गरि मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू----------------------३

जीवन कुमार घिमिरे

(राजश्व सदस्य)

उक्त रायमा हाम्रो सहमति छ ।

डम्बर बहादुर कार्की
(लेखा सदस्य)

किशोर सिलवाल
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नेः-</u>
शाखा अधिकृतः सनिता लामा
इतिसम्बत २०७६ साल भाद्र २६ गते रोज ५ शुभम्...........................................